प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली

फोन:०९१-४१७४१०(मा.मन्त्री)
फोन:०९१-४१६१६८(सचिव ज्यू)
फोन:०९१-४१७२२५(प.महाशाखा)
फोन:०९१-१७२२५(प्रा.महाशाखा)
Email:molmac7@gmail.com

प.सं.:२०७७।७८
च.नं :

मिति:२०७८।०१।३१

## मसिना धान उत्पादन गर्न चाहने कृषकहरुलाई भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुदुरपश्चिम प्रदेशको सुचना

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेशले कैलाली जिल्लाका टिकापुर नगरपालिका, भजनि नगरपालिका, जोशीपुर गाँउपालिका, जानकि गाँउपालिका र घोडाघोडी नगरपालिकामा आगामि आर्थिक बर्ष २०७८।७९ मा मसिना धानमा न्युनतम समर्थन मुल्य तोकि, किसान-II परियोजनाको साझेदारीमा कार्यक्रम संचालन गरिरहेका धान मिल मार्फत मसिना धान खरिद गराउने कार्यक्रम रहेकाले सो क्षेत्रका सबै कृषकहरुमा तपसिल बमोजिमका बुँदाहरुमा रहि तोकिएका मसिना धान खेति गरि लाभ लिनहुन अनुरोध छ ।

**तपसिल:**

१. मन्त्रालयले आगामि आर्थिक बर्ष २०७८।७९ मा ५० हजार क्विन्टल मसिनो धान (साबा मन्सुलि, साविति, सुख्खा-६, बहुगुणी-२ र रामधान ) नैन राईस आयल एण्ड फ्लोर मिल, जोशिपुर-२, घुसुडी र बिना फुड प्रोडक्ट उद्योग, टिकापुर-१, बनगाँउ मार्फत खरिद गराउने छ ।

२. मन्त्रालयले तोकेको जातका मसिना धान प्रति क्विन्टल रु ३०००.०० (तिन हजार) वा सो समयमा धानको प्रचलित बजार मुल्यमा २० प्रतिशत थप मध्ये जुन बढी हुन्छ उक्त दरमा खरिद व्यवस्था गराउने छ ।

३. धान खरिद कार्य सम्बन्धित मिलहरु मार्फत २०७८ कार्तिक १ गते देखि मंसिर मसान्त सम्म गरिनेछ ।

४. यस कार्यक्रममा सहभागि भई तोकिएका जातको धान उत्पादन गरि न्युनतम समर्थन मुल्यमा धान बिक्रि गर्न चाहने कृषकहरुले असाढ मसान्त भित्र नैन राईस आयल एण्ड फ्लोर मिल, जोशिपुर-२, घुसुडी र बिना फुड प्रोडक्ट उद्योग, टिकापुर-१, बनगाँउमा तोकिएको ढाँचामा आफ्नो विवरण बुझाई सक्नु पर्नेछ ।

५. यस कार्यक्रममा सहभागि हुने कृषकहरुलाई आवश्यकता तथा उपलब्ध बजेट अनुसार मन्त्रालय बाट प्राविधिक ज्ञान, साना सिंचाई, बाली संरक्षण सेवा लगायतका सहयोग समेत उपलब्ध गराईनेछ ।

६. यस कार्यक्रममा सहभागि भई उत्कृष्ट उत्पादकत्व हासिल गर्ने तथा सबै भन्दा बढि मसिना धान विक्रि गर्ने कृषकहरुलाई उत्कृष्ट मसिना धान उत्पादक कृषक पुरुस्कार प्रदान गरिनेछ ।

**मसिना धान उत्पादन गरौं, प्रदेशमा धान आयात प्रतिस्थापन गर्दै राष्ट्लाई मसिना धानमा आत्मनिर्भर बनाऔं ।।**

भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली

गोकुल प्रसाद बोहरा
वरिष्ठ कृषि प्रसार अधिकृत